# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मिति २०७८/११/१० वैठक संख्याः ८४

आज मिति २०७८/११/१० गते दिनको २:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँ कार्यपालिकाको वैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी देहायका निर्णयहरु गरियो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०७८/११/१० वैठक संख्या ८४

**प्रस्तावहरुः**

१. समिक्षा तथा जानकारी ................
२. मास्दी खोला रिसिङ्ग र वडा नं. २ जोड्ने झोलुङ्गे पुलको म्याद थप सम्बन्धमा ।
३. सेवा प्रवाहमा सुधार सम्बन्धमा ।
४. पशुपंक्षी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यदल गठन सम्बन्धमा ।
५. भुवनटारघाट माथिल्लो ठेक्का नलागेको र नदीघाट व्यवस्थापन सम्बन्धमा ।
६. बालुवा चाल्ने तथा धुने (वास) प्लान्ट अस्थायी अनुमती सम्बन्धमा ।
७. भुवनटारघाट र सेतीभतेरी घाट क्षेत्रमा योजना सहयोग सम्बन्धमा ।
८. नेपाल टेलिकम टावर राख्ने अनुमती दिने सम्बन्धमा ।
९. वडा नं. ४ का योजना सम्पन्न गर्न आवश्यक ग्राभेल नदीघाटबाट झिक्ने सम्बन्धमा ।
१०. निर्वाचन मतदाता परिचयपत्र सम्बन्धमा ।
११. दिर्घायु योग ध्यान केन्द्र निर्माण र सिफारिस सम्बन्धमा ।
१२. अतिक्रमित सार्वजनिक जग्गाको विवरण संकलन सम्बन्धमा ।
१३. बराह आ.वि. माथि ट्रस तथा कोठा निर्माण सम्बन्धमा ।
१४. निजी जग्गाबाट माटो ग्राभेल उत्खनन कार्यविधि सम्बन्धमा ।
१५. साराङघाट देखि वडा नं. ३ को कार्यालयसम्म जाने सडक मर्मत सम्बन्धमा ।
१६. वडा नं. १ पार्वती मा.वि.मा जस्ताको छानामा रङ्ग लगाउने सम्बन्धमा ।
१७. भुवनटारघाट तल्लो क्षेत्रमा क्षेत्र पालना नभएकोले जरिवाना गर्ने सम्बन्धमा ।
१८. राहत सम्बन्धमा ।
१९. विविध

**निर्णयहरुः**

१. गत वैठकको निर्णय कार्यान्वयन प्रगत समीक्षा गरियो । कृषि गणक/तथ्यांक सहजकर्ता माग सूचना प्रकाशन भएको जानकारी भयो ।
२. मास्दीखोला रिसिङ्ग र देवघाट गा.पा. वडा नं. २ जोड्ने झोलुङ्गे पुल कोरोना महामारी र बाढी तथा अत्याधिक वर्षाको कारण तोकिएको समयमा सम्पन्न हुन नसकेकोले २०७८ फाल्गुण मसान्त सम्म जरिवाना नलिई म्याद थप गर्ने निर्णय गरियो ।
३. सेवा प्रवाहमा सुधार गर्ने सम्बन्धमा छलफल गरियो । वडा कार्यालयमा वडाध्यक्ष अनुपस्थित हुँदा वैकल्पिक व्यवस्थाका साथै का.वा.वडाध्यक्ष तोकी सेवा प्रवाहमा सहजता ल्याउने निर्णय गरियो । साथै योजना पुस्तिका वडा कार्यालयबाट पूर्ण रुपमा भरी गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनु पर्ने जानकारी गराईयो ।
४. पशुपंक्षी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ५ अनुसार तपसिल अनुसार कार्यदल गठन गर्ने निर्णय गरियो ।

दुर्ग बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष

तपसिल:

क) आर्थिक विकास समिति संयोजक श्री पदम बहादुर गुरुङ - संयोजक
ख) वडा नं. ५ का वडाध्यक्ष श्री याल बहादुर गुरुङ - सदस्य
ग) वडा नं. १ का वडाध्यक्ष श्री भिम बहादुर गुरुङ - सदस्य
घ) पुश सेवा शाखा/इकाई प्रमुख - सदस्य सचिव

५. भुवनटारघाट माथिल्लो ठेक्का लगाउनका लागि २ पटक सम्म विद्युतिय माध्यम PPMO बाट बोलपत्रको सूचना प्रकाशन गरिएकोमा २ पटक सम्म पनि ठेक्का नलागेको बारेमा प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी भयो । सो सम्बन्धमा छलफल भयो र अब के कसरी उक्त घाटबाट नदीजन्य पदार्थ बिक्री गरी राजश्व आम्दानी गर्ने भन्ने बारेमा अध्ययन गरी सुझाव पेश गर्नको लागि तपसिल अनुसारको कार्यटोली गठन गर्ने निर्णय गरियो ।

**तपसिल:**

क) वडा नं. ५ वडाध्यक्ष एवं पूर्वाधार विकास समिति संयोजक र राजश्व परामर्श समिति सदस्य श्री याल बहादुर गुरुङ - संयोजक
ख) वडा नं. ४ वडाध्यक्ष एवं आर्थिक विकास समिति संयोजक श्री पदम बहादुर गुरुङ- सदस्य
ग) वडा नं. १ वडाध्यक्ष एवं वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक श्री भिम बहादुर गुरुङ - सदस्य
घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
ङ) पूर्वाधार शाखा प्रमुख - सदस्य
च) खरिद इकाई सदस्य-सचिव - सदस्य सचिव

समितिले आवश्यकता अनुसार अन्य व्यक्तिलाई आमन्त्रित गर्न सकिनेछ ।

६. बालुवा चाल्ने तथा धुने (वास) प्लान्ट दर्ताको लागि निवेदन आएको तर दुरीको मापदण्ड नपुग्ने भएकोले दर्ता गर्न नसकिने भनि प्रमुख प्रशासकीय अधिकृतले जानकारी गराउनु भयो । सो सम्बन्धमा छलफल गरियो र गाउँपालिका र प्रदेशका आयोजनाको लागि बालुवा आवश्यक भएकोले यस सम्बन्धमा अध्ययन गरी सुझाव दिन निर्णय नं. ६ अनुसार गठित कार्यटोलीले अध्ययन गरी सुझाव दिने र सो सुझाव अनुसार आगामी कार्यपालिका वैटकबाट निर्णय गर्ने निर्णय गरियो । साथै उक्त समितिमा उद्योग शाखा/इकाई प्रमुख पदेन सदस्य रहनेछ ।

७. भुवनटारघाट र सेतीभतेरीघाट क्षेत्रमा तपसिल अनुसारको योजनाको लागि भैपरी वा अन्य मिल्दो शिर्षकबाट ईष्टिमेट अनुसारको रकम स्वीकृत गर्ने निर्णय गरियो ।

क) भुवनटारघाट क्षेत्र कुलो मर्मत तथा बाटो विस्तार
ख) सेतीभतेरीघाट क्षेत्रबाट झोलुङ्गे पुलको मुखसम्म जाने बाटो मर्मत

८. नेपाल टेलिकमको टावर राख्नको लागि वडा नं. ५ स्थित क्यूदिखर्कमा १ रोपनी जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

९. वडा नं. ४ मा पर्ने त्रिशुली नदीको गाईघाटमा ठेक्का लगाउन २ पटक सम्म सूचना प्रकाशन गरिएको तर ठेक्का नलागेको तर वडा नं. ४ मा गाउँपालिकाका विभिन्न योजना सम्पन्न गर्न नदीजन्य पदार्थ आवश्यक भएकोले आर्थिक ऐन अनुसारको राजश्व लिई इष्टिमेट अनुसारको ग्राभेल झिक्न दिने निर्णय गरियो ।

दुर्ग बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ, नेपाल
गण्डकी प्रदेश, २०७३

१०. निर्वाचन आयोगको मतदाता परिचय-पत्र सम्बन्धमा आयोगको सूचना जानकारी भयो । सबै वडा कार्यालयले वडावासीमा सूचना गर्ने निर्णय गरियो ।

११. श्री शैया विष्णुधाम मन्दिर समितिले दीर्घायु ध्यान केन्द्र भवन निर्माणको लागि आवश्यक सहयोगको लागि निवेदन दिएकोमा योगध्यान केन्द्र आवश्यक भएकोले आवश्यक रकम विनियोजन गरिदिनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

१२. सबै वडा कार्यालयहरुले आफ्नो वडा क्षेत्रमा अतिक्रमित सार्वजनिक जग्गाको विवरण संकलन गरी ३ दिन भित्र गाउँपालिकामा पठाउने निर्णय गरियो ।

१३. वडा नं. ५ मा रहेको बराह आधारभूत विद्यालयको भवन माथि ट्रस, भर्याङ्ग र कोठा निर्माण गर्नको लागि सार्वजनिक सम्पत्ति/भवन मर्मत/निर्माण शिर्षकबाट इष्टिमेट अनुसारको रकम स्वीकृत गर्ने निर्णय गरियो ।

१४. देवघाट गाउँपालिकाको निजी जग्गाबाट माटो ग्राभेल उत्खनन कार्यविधि, २०७८ स्वीकृत गरियो ।

१५. साराङघाट देखि वडा नं. ३ को कार्यालय सम्मको सडक मर्मत कोषबाट मर्मत गर्ने निर्णय गरियो ।

१६. वडा नं. १ पार्वती मा.वि.मा जस्ताको छानामा खिया लागि पानी चुहिने सम्भावना भएकोले जस्तामा रङ्ग (ईनामेल) लगाउने खर्च गाउँपालिकाबाट गर्ने निर्णय गरियो ।

१७. भुवनटारघाट तल्लो क्षेत्रमा अनुमती प्राप्त व्यवसायी तथा फर्म श्री शिव शंकर बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.ले प्रयोग गर्ने क्षेत्र पालना नभएकोले रु. ६०,०००/- (साठी हजार रुपैया) जरिवाना गर्ने निर्णय गरियो ।

१८. देवघाट -१, आँपटार निवासी दिर्घरोगी केहर सिं थापालाई रु. १०,०००/- (दश हजार रुपैया) आर्थिक सहयोग स्वरुप राहत दिने निर्णय गरियो ।

१९. विविध:

क) आमडाँडा बेशी लाब्दीखोला झोलुङ्गे पुल र चामनवेशी झोलुङ्गेपुल साँघुरो भएकोले सो पुलको विकल्पको रुपमा दुवै ठाउँमा नयाँ झोलुङ्गे पुल निर्माणको लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

ख) अन्तर्राष्ट्रिय महिला दिवस २०७८ फालगुण २४ गते श्रीमान बोकी दौडने प्रतियोगिता सञ्चालन गर्ने र उक्त कार्यक्रम देवघाट गाउँपालिकाको आयोजनामा विभिन्न संघ-संस्थाको प्रायोजनमा भव्य रुपमा सफल बनाउने निर्णय गरियो ।

ग) वडा नं. ४ को वडा कार्यालय भवन सम्पन्न भएकोले घेराबार कम्पाउण्ड गरी आफ्नै भवनबाट वडा कार्यालयको सेवा प्रवाह सञ्चालन गर्ने निर्णय गरियो ।

घ) उपभोक्ता समितिबाट सञ्चालन गर्ने योजनाका सम्बन्धमा स्थायी लेखा नम्बर लिएका उपभोक्ता समितिबाट सञ्चालन गर्ने र योजना उपभोक्ता समिति, टोल विकास समिति, वन उपभोक्ता समिति, क्लव जस्ता प्रकृतिका योजना सञ्चालन हुने क्षेत्रका स्थायी लेखा नम्बर लिएका समितिबाट पनि योजना सञ्चालन गर्ने निर्णय गरियो ।

दुर्ग बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत